# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

प्रदेश नं. ५, नेपाल

प.स. ०७६/७७
च.नं. ५३८

मितिः-२०७६।१२।११

## अपिल

नोबेल कोरोना भइरस (COVID19) को संक्रमणले विश्वव्यापीरुपमा गम्भिर प्रभाव पारिरहेको छ। यसबाट जनतालाई बचाउन विभिन्न सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने दायित्व हामी सवैको हो। यस कार्यको लागि छत्रकोट गाउँपालिकाको तर्फबाट आम नागरिकहरुलाई आफ्नो र परिवारको सुरक्षामा सतर्क रहन, धैर्यतापूर्वक सामना गर्न र धैरै नअत्तालिन अपिल गर्दछौं।

१. नोबेल कोरोना भाइरसबाट आफु र आफ्नो परिवारको सुरक्षाका लागि सतर्कतापूर्वक दैनिक बानी व्यवहारमा परिवर्तन गर्ने।
२. घर परिवार र व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिने। छिटो छिटो साबुनपानीले हात धुने।
३. अत्यावश्यक काम बाहेक हरेक व्यक्ति भिडभाड हुने गरी जम्मा नहुने, घरमै सुरक्षित भएर बस्ने।
४. हरेकले एक अर्काबीच सहयोग आदान प्रदान गर्ने। मास्क र सेनिटाइजर प्रयोग गर्ने।
५. कोही व्यक्ति बिरामी भएमा सतर्कता अपनाउदै उपचार केन्द्रसम्म लैजान मद्दत गर्ने।
६. बालबच्चा, अपाङ्गता भएका व्यक्ति, अशक्त र जेष्ठ नागरिकको सुरक्षाको सबैले विशेष ध्यान दिने।
७. विभिन्न सामाजिक, सांस्कृतिक संघसंस्था, मठ, मन्दिर, चर्च जस्ता धार्मिक र पार्टी प्यालेस जस्ता सार्वजनिक स्थलहरुमा भिडभाड हुने कार्यक्रमहरु नगर्ने, नगराउने।
८. समाजका अगुवाहरुले सर्वसाधारणमा, कोरोना भाइरसबाट बच्न आ-आफ्नो टोल-टोलमा सचेतना फैलाउने।
९. देश बाहिरबाट आएका व्यक्तिले नजिकको स्वास्थ्य संस्थामा गइ आफ्नो स्वास्थ्य चेकजाँच पछि स्वास्थ्य कर्मीको सल्लाह अनुसार मात्र घरमा गइ अलग बस्ने खाने गर्ने।
१०. सवैले आ-आफ्नो कर्तव्य ठानी जिम्मेवार नागरिकको कर्तव्य पुरा गर्ने।

मधुकृष्ण पन्त
अध्यक्ष

फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website:www.chhatrakotmun.gov.np

Scanned with CamScanner